नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१-५८३६१३
Mobile:९८५६००७१००
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८३/०८४
च नः

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।

सूचना नं: ०३
सूचना प्रकाशित मितिः २०८३/०५/०२

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८३/०५/२२ गते) भित्र यस कार्यालयमा अनुसूची – २ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची – ३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | लक्ष्य | बजेट (रु. लाख) | अनुदान रकम तथा भुक्तानी प्रकिया |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूह भित्रका युवा कृषक | कास्की जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | २० पटक | ८० | स्वीकृत प्रस्तावको कूल लागतको बढीमा ५०% वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

२०८३/०५/०२

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-**

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१-५८३६१३
Mobile:९८५६००७१००
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np


पत्र संख्या ०८३/०८४
च नः

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम प्रस्ताव पेश गर्न सकिने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुः**

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।
(ख) तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण।
(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात।
(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।
(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण।
(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण।
(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन।
(ज) जौ, फापर, सिलाम, कोदो,चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन,प्रशोधन तथा बजारीकरण।
(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।
(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय।
(ट) फलफुल प्रशोधन र बजारीकरण।
(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन।
(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण।
(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन।
(ण) घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय।
(त) प्राङ्गारिक कृषि बस्तु निर्यात।
(थ) व्यवसायिक पशुपन्छी, मत्स्य पालन उत्पादन र प्रशोधन।
(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन,प्रशोधन तथा बजारीकरण।

***नोटः*** *कार्यालयको वेबसाइटबाट (www.piukaski.pmamp.gov.np) कार्यक्रम मागको निवेदन र प्रस्ताव फारम डाउनलोड गरी आवश्यक विवरण भरी ईमेल (pmamp.piu.kaski@gmail.com) मार्फत पनि आवेदन पेश गर्न सकिनेछ ।*


**थप जानकारीको लागि**
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मालेपाटन, कास्की
**सम्पर्क नं.: ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३**
इमेल: pmamp.piu.kaski@gmail.com
वेभसाइट: www.piukaski.pmamp.gov.np
Facebook: NAMP PIU kaski


२०८२/०२/०२